# आर्थिक वर्ष २०७९/०८० को
# राजस्व र व्यय (बजेट)को अनुमान

बन्दीपुर गाउँपालिका
तनहूँ जिल्ला
गण्डकी प्रदेश
२०७९

सम्मानित सभाध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरू,

सम्पूर्ण कर्मचारीहरू तथा उपस्थित महानुभावहरू ।

- संविधानतः नेपाल संघ, प्रदेश र स्थानीय तह गरि ३ तहको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेसंगै हाल मुलुकमा स्थानीय तहमा दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भइसकेको छ ।
- स्थानीय तहको निर्वाचनमा भाग लिइ अमुल्य मतदान गर्नुहुने सम्पूर्ण बन्दीपुरबासी आमा, बुवा, दाजु, भाई, दिदी, बहिनी सबैमा हार्दिक आभार व्यक्त गर्दै यस सम्मानित गाउँसभाबाट धन्यवाद दिन चाहन्छु ।
- नेपालको राजनैतिक परिवर्तनका लागि भएका सवै प्रकारका जनआन्दोलन, संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै जनआन्दोलन, संघर्ष र क्रान्तिको नेतृत्व गरी राजनैतिक परिवर्तनलाई साकार पार्न अग्रणी भुमिका खेल्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।
- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले तीन तहका सरकारको परिकल्पना गरेको छ । जस अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय गरी तीन रहेको छ । संविधानले नै तीनै तहका सरकारलाई कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय अधिकार प्रदान गरे अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रत्येक वर्षको अषाढ १० गते गाउँसभामा आय र व्ययको विवरण (बजेट) पेश गर्ने प्रचलन अनुसार आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट प्रस्तुत गर्न गईरहेको छु ।
- त्यसैगरी आ.व. २०७९।८० को वार्षिक बजेट तयार गर्ने सन्दर्भमा **पर्यटन, कृषि,शिक्षा, स्वास्थ्य, सहकारी पूर्वाधारः समृद्ध बन्दीपुर निर्माणको आधार** भन्ने मूल नारालाई साकार गर्न सहयोग गर्नु हुने जनप्रतिनिधि, नागरिक समाज, नीजि क्षेत्र, वुद्धिजिवी, पेशाकर्मी, कर्मचारी तथा आमनागरिकवाट प्राप्त सुझाव एवं सल्लाहलाई आत्साथ गरी **समृद्ध बन्दीपुर सुखी बन्दीपुरवासी** को यात्रामा अगाडि बढने हौसला प्राप्त गरेको छु ।
- आ.व. २०७९।८० को वार्षिक बजेट तयार गर्ने सन्दर्भमा नेपालको संविधान, विभिन्न प्रचलित ऐन कानून, संघीय सरकार तथा प्रदेश सरकार मार्गदर्शन तथा स्थानीय तहको बजेट तर्जुमा सम्वन्धी दिग्दर्शन, २०७४ को निर्देशनलाई पालना गरेको छु ।
- विभिन्न क्षेत्रवाट प्राप्त राय, सुझाव एवं सल्लाहको आधारमा तयार पारिएको आ.व. २०७९।८० को वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाधयक्ष महोदय,

चालु आ.व. को बजेट खर्चको समीक्षा गर्ने अनुमति चाहन्छु ।

- आ.व. २०७८।७० मा कूल रु. ५४ करोड ९२ लाख ५१ हजार ८६४ रकम विनियोजन भएकोमा चालु आ.व. को ११ महिना सम्म रू. २३ करोड ३४ लाख २३८ अर्थात कूल बजेटको ४२.४९ प्रतिशत खर्च भएको छ ।
- आ.व. २०७८।७९ मा चालु तर्फ रू. १४ करोड ५० लाख १२ हजार ९५१ विनियोजन भएकोमा चालु आ.व. को ११ महिनामा रू. ८ करोड ९९ लाख ८ हजार ४७२ अर्थात ६२ प्रतिशत खर्च भएको छ ।
- आ.व. २०७८।७९ मा पूँजीगत तर्फ रू. १८ करोड १५ लाख ४८ हजार ९१३ विनियोजन भएकोमा चालु आ.व. को ११ महिना सम्म रू. ४ करोड २३ लाख ३९ हजार ४१० अर्थात २३.३२ प्रतिशत खर्च भएको छ
- आ.व. २०७८।७९ को अन्त सम्ममा कूल विनियोजित बजेटको ७५ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९।८० को उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्य निम्नानुसार रहेका छनः

क. गाउँपालिकामा उपलब्ध श्रोत र साधनको अधिक्तम परिचालन मार्फत आर्थिक, सामिजक र पूर्वाधारको विकास र विस्तार गर्नु ।
ख. सुशासनको प्रर्वद्धन गर्दै छिटो, छरितो एवं चुस्त दुरूस्त सेवा प्रदान गर्नु
ग. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्ग, क्षेत्र तथा समुदायलाई उचित अवसर प्रदान गरी राज्यको मूल प्रवाहमा ल्याउनु ।
घ. आर्थिक समानता कायम गर्दै हुने र नहुने बीचको असमानता न्यूनीकरण गर्नु ।
ङ. प्राप्त लाभको समानुपातिक वितरण गर्नु ।
च. आय आर्जन तथा रोजगारिका अवसर सृजना गर्दै समृद्ध बन्दिपुर सुखी बन्दीपुर बासीको आधार तयार गर्ने ।
छ. समतामूलक एवं न्यायपूर्ण समाजको निर्माण गर्नु ।
ज. भ्रष्टाचारको न्यूनीकरण गर्दै सदाचारयुक्त समाजको निर्माण गर्नु ।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका क्षेत्रगत प्राथमिकता निर्धारण गरिएको छः

क. कृषिको आधनुकीकरण मार्फत उत्पादन र उत्पादक्तव वृद्धिमा जोड दिने ।
ख. सेवा प्रवाहलाई गुणस्तरीय, सर्वसुलभ, पारदर्शी र प्रविधिमैत्री बनाउने ।
ग. आर्थिक रूपले विपन्न, सिमान्तकृत, अल्पसंख्यक, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

घ. शीप विकास तथा क्षमता विकास सम्वन्धी कार्यक्रम संचालन गरी आय आर्जनमा जोड दिने।

ङ. उद्यमशिलता विकासमा जोड दिने।

च. भौतिक पूर्वाधारको विकासका लागि आवश्यक श्रोत साधनको व्यवस्थाका लागि अन्तर सरकार समन्वय र सहकार्यमा जोड दिने।

छ. बैदेशिक रोजगारीवाट फर्केका युवाहरू शीप, क्षमता, अनुभव र प्रविधिको उपयोग मार्फत रोजगारी सृजनामा जोड दिने।

ज. विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९।८० को अनुमानित श्रोत तथा विनियोजन प्रस्तुत गर्दछु।

**आन्तरिक आय तर्फः – ३ करोड हुने अनुमान गरेको छु।**

क. सम्पत्ति कर वापतः १३ लाख ७३ हजार ७५०

ख. भुमिकर/मालपोत वापत २६ लाख ५१ हजार १०८

ग. घरवहाल कर तर्फः २५ लाख ८ हजार ८२४

घ. वहाल विटौरी कर वापतः ३ लाख ५८ हजार ८८१

ङ. अन्य कर वापतः ३ हजार ४५०

च. सरकारी सम्पत्ति वहालबाट प्राप्त आयः ११ हजार ५००

छ. अन्य सेवा शुल्क वापतः १ लाख १ हजार ९७७

ज. परीक्षा शुल्क वापतः ९ लाख २० हजार

झ. दर्ता, फारम, नविकरण तथा अन्यवाटः २३ लाख

ञ. नक्सापास दस्तुर वापत ३६ हजार ३६९

ट. सिफारिश दस्तुर वापतः १ लाख ९ हजार ५२४

ठ. व्यक्तिगत घटना दर्ता दस्तुर वापतः १९ लाख २५ हजार ४८

ड. नाता प्रमाणित दस्तुर वापतः १४ लाख ७५ हजार ५९७

ढ. अन्य दस्तुर वापतः ४३ हजार ८८३

ण. व्यवसाय रजिष्ट्रेशन दस्तुर वापतः ६ लाख ९ हजार ६६७

त. प्रशासनिक दण्ड ,जरिवाना र जफत वाटः ५७ लाख ५० हजार

थ. अन्य राजस्ववाटः ११ लाख ५० हजार

द. फोहोरमैलावाट आयः १० लाख

ध. नदीनाला ठेक्कावाटः ५० लाख

न. विज्ञापन करवाटः ६लाख

प. निकासी करवाटः २० लाख

फ. बसपार्क व्यवस्थापनवाटः ५ लाख

**<u>नेपाल सरकारवाट निम्न बमोजिम अनुदान प्राप्त हुने अनुमान रहेको छः</u>**

- वित्तीय समानीकरणः १०करोड १७ लाख
- सशर्त अनुदानः २३ करोड ३४ लाख
- विशेष अनुदानः १ करोड ५५ लाख
- राजस्व वाँडफाँडः ७ करोड ९३ लाख ३५ हजार
- समपुरक अनुदानः २ करोड

**<u>गण्डकी प्रदेश सरकारवाट निम्न बमोजिम अनुदान प्राप्त हुने अनुमान रहेको छः</u>**

- वित्तीय समानीकरणः १ करोड ११ लाख ३८ हजार
- राजस्व वाँडफाँडः १ करोड ७ लाख १९ हजार
- विशेष अनुदानः ५० लाख
- समपुरक अनुदानः ७० लाख
- अल्यावाटः ३ करोड
- सामाजिक सुरक्षाः १३ करोड

ब्यय तर्फः आगामी आर्थिक वर्षकको लागि निम्न बमोजिम रकम विनियोजन गरिएको छः

1. **कृषि तर्फ रू. ४० लाख रकम विनियोजन गरिएको छ।**
2. **पशुपन्छी तर्फ रु. ५० लाख रकम विनियोजन गरिएको छ।**
3. **पर्यटन तर्फ रू. २० लाख रकम विनियोजन गरिएको छ।**
4. **उद्योग बाणिज्य तर्फ रू. ५ लाख रकम विनियोजन गरिएको छ।**
5. सहकारी तर्फ रू. ५ लाख रकम विनियोजन गरिएको छ।
6. शिक्षा तर्फ रू. ५५ लाख रकम विनियोजन गरिएको छ।
7. स्वास्थ्य तर्फ रू. ६० लाख रकम विनियोजन गरिएको छ।
8. सिंचाई तर्फ रू. ३० लाख रकम विनियोजन गरिएको छ।
9. संस्कृति प्रवद्धन तर्फ रू. १० लाख रकम विनियोजन गरिएको छ।
10. महिला बालबालिका, अपाङ्ता तथा जेष्ठ नागरिक तर्फ रू. २० लाख रकम विनियोजन गरिएको छ।
11. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रू. १० लाख रकम विनियोजन गरिएको छ।
12. सडक तथा पुल निर्माण तर्फ रू. २ करोड ३५ लाख रकम विनियोजन गरिएको छ।
13. नवीकरणीय उर्जा तर्फ रू. ८ लाख रकम विनियोजन गरिएको छ।
14. भवन तथा शहरी विकास तर्फ रू. ६४ लाख रकम विनियोजन गरिएको छ
15. खानेपानी तथा सरसफाई तर्फ रू. १ करोड ५० लाख विनियोजन गरिएको छ।
16. बन तथा भूसंरक्षण तर्फ रू. ५ लाख रकम विनियोजन गरिएको छ।
17. जलाधार संरक्षण तर्फ रू. १० लाख रकम विनियोजन गरिएको छ।
18. विपद ब्यवस्थापन तर्फ रू. ३५ लाख रकम विनियोजन गरिएको छ।
19. लघु उद्यम विकास कार्यक्रमका लागि रू. ३० लाख रकम विनियोजन गरिएको छ।
20. कर्मचारी पर्यटन काजका लागि रू. २० लाख रकम विनियोजन गरिएको छ।
21. समपुरक अनुदानका लागि रू. २ करोड ७० लाख रकम विनियोजन गरिएको छ।
22. सामाजिक सुरक्षाका लागि रू. ८ करोड ३५ लाख रकम विनियोजन गरिएको छ।
23. भूमि सम्वन्धी कार्यक्रमका लागि रू. १० लाख रकम विनियोजन गरिएको छ।
24. प्रधान मन्त्री रोजगार कार्यक्रमका लागि रू. १०लाख रकम विनियोजन गरिएको छ।
25. न्यायिक समिति व्यवस्थापन तर्फ रू. ५ लाख रकम विनियोजन गरिएको छ।
26. सामी परियोजनाको लागि रू. २३ लाख रकम विनियोजन गरिएको छ।
27. बन्दीपुर सांस्कृतिक केन्द्र निर्माणका लागि रू. ७० लाख रकम विनियोजन गरिएको छ।
28. जेष्ठ नागरिक सेवा केन्द्रका लागि रू. ५० लाख विनियोजन गरिएको छ।

29. अतिथि गृह निर्माणका लागि रू. ३५ लाख विनियोजन गरिएको छ।
30. अन्य आर्थिक सहायताका लागि रू. १० लाख रकम विनियोजन गरिएको छ।
31. प्रशासनिक खर्चका लागि रू. ९ करोड ३० लाख रकम विनियोजन गरिएको छ।
32. वडा समितिका लागि रू. ४ करोड ७० लाख रकम विनियोजन गरिएको छ।
33. विषयगत शाखाहरूका लागि रू. ३ करोड ३० लाख रकम विनियोजन गरिएको छ।
34. गत आ.व. को पूँजीगत भुक्तानिका लागि रू. २ करोड २८ लाख ९२ हजार रकम विनियोजन गरिएको छ।
35. पालिका स्तरीय योजना तथा कार्यक्रमका लागि रू. ३ करोड रकम विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ६२ करोड ६२ लाख ९२ हजार खर्च हुने अनुमान गरिएको छ।
- जस अन्तर्गत चालु तर्फ रू. ४२ करोड ४९ लाख र पूँजीगत तर्फ रू. २० करोड १३ लाख ९२ हजार विनियोजन गरिएको छ।
- जुन चालु तर्फ ६७.८४ प्रतिशत र पूँजोगत तर्फ ३२.१६ प्रतिशत रहेको छ।

अन्त्यमा,

आ.व. २०७९।८० को वार्षिक बजेट तयार गर्ने सन्दर्भमा रचनात्मक सुझाव एवं सल्लाह दिनुहुने जनप्रतिनिधि, नागरिक समाज, नीजि क्षेत्र, वुद्धिजिवी, पेशाकर्मी, उद्योग ब्यवसायी र बजेट निर्माण कार्यमा अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिदै नेपालको बर्तमान संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको दिसामा अगाडि बढन आह्वान गर्न चाहन्छु।

## धन्यवाद।